रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ६ रामग्राम, असार ०८ गते, २०८० साल संख्या ४

## भाग-१

## रामग्राम नगर शिक्षा ऐन २०७५(तेस्रो संशोधन)

प्रथम संशोधन मिति : २०७७।११।०८
दोस्रो संशोधन मिति : २०७९।०३।१०
तेस्रो संशोधन मिति : २०८०।०३।०८

**प्रस्तावना:** राष्ट्रिय विकासका लागि रामग्राम नगरपालिका अन्तर्गतका विद्यालय उमेरका सबै बालबालिकाका लागि उच्च गुणस्तरको जीवन पर्यन्त सिकाईद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सर्वसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस रामग्राम न.पा.मा स्थापना भई सञ्चालन भैरहको तथा स्थापना हुने विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधानको २०७२ को धारा २२१, अनुसूची ८ को वुदा नं. ८" तथा "स्थानीय सरकार सञ्चालनका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ को दफा २०, २१, १०२" वमोजिम रामग्राम नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः-

(क) यस ऐनको नाम "रामग्राम नगर शिक्षा ऐन २०७५" रहेको छ ।

(ख) यो ऐन रामग्राम नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(ग) यो ऐन रामग्राम नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "प्रारम्भिक बालशिक्षा" भन्नाले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(ख) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) "निम्न माध्यमिक शिक्षा" भन्नाले कक्षा छ देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ङ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(च) "नगरपालिका" भन्नाले रामग्राम नगरपालिका सम्झनुपर्छ।

(छ) "नगर सभा" भन्नाले रामग्राम नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ।

(ज) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।

(झ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छः-

(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त बहिरा, सुस्त श्रवण, अटिज्म बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रहि दिइने शिक्षा।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा।

(ञ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(ट) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

(ठ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार र रामग्राम न.पा बाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ड) "संस्थागत विद्यालय" भन्नाले निजी पहल र लगानीमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ढ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ण) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(थ) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(द) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार, नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(ध) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ।

(न) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(प) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जनु सुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउछँ।

(फ) "तालिम केन्द्र"भन्नाले यस ऐन वमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ।

(ब) "पुस्तकालय" भन्नाले नेपाल सरकार/नगरपालिकाबाट अनुमति लिई संचालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ।

(भ) "शैक्षिक परामर्श केन्द्र" भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारवाट वा यस नगरपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई जनाउँछ।

(म) "संघिय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन संझनु पर्दछ।

(य) "प्रादेशिक शिक्षा ऐन" भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐन संझनु पर्दछ।

(र) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न तोकिएको अधिकारी सम्झनु पर्दछ।

(ल) "नगर शिक्षा अधिकारी" भन्नाले नगरपालिकाको शिक्षा विभाग/महाशाखा/शाखाको प्रमुख सम्झनु पर्दछ।

(व) "समिति" भन्नाले नगर शिक्षा समितिलाई सम्झनु पर्छ।

(श) "नगर शिक्षा अधिकारी" भन्नाले नगरपालिकाको शिक्षा विभाग/महाशाखा/शाखाको प्रमुख सम्झनु पर्दछ।

(ष) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ।

३. विद्यालय खोल्न अनुमति लिनुपर्नेः-

(१) नगरपालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित शिक्षा अधिकारी समक्ष अनुमतिको लागि निवदेन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी नगर शिक्षा समितिको निर्णय बमोजिम तोकिएको अधिकारीले अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालन गरेको देखिएमा नगर शिक्षा समितिको निर्णय बमोजिम तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवदे न उपर आवश्यक जाँचबझु गर्नेछ र जाचँबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिको निर्णय बमोजिम तोकिएको अधिकारीले अनुमति तथा स्वीकृति दिनेछ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जनुसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गठुी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनेुपर्ने,

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिए बमोजिमको ढाचा र प्रचलित लेखाका सिद्धान्तका आधारमा अभिलेख खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ। तर सावर्जनिक शैक्षिक गुठीको हकमा त्यस्ता उत्तराधिकारी ताक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा नगर शिक्षा समितिबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(१०) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छनै । तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरूलाई पनि नगरपालिकाले अनुमतिका लगि मनासिव देखेमा अनुमति दिन सक्नेछ । यसरी सञ्चालित विद्यालयहरूलाई नेपाल सरकारले जुनसुकै बेला बन्द गर्न सक्नेछ । यस प्रकारको विद्यालयलाई पनि यस दफाको १ र २ अनिवार्य हुनछे ।

११) प्राविधिक शिक्षा संचालन गर्न चाहने विद्यालयको अनुमति तथा स्वीकृती संवन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(१२) विद्यालय सञ्चालन तोकिए वमोजम हुनेछ ।

४. परीक्षा सञ्चालन र समन्वयः- नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूको परीक्षा सञ्चालन र व्यवस्थापन गर्न तोकिए बमोजिमको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ । परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

५. माध्यमिक शिक्षाको प्रकारः- माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्ः-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनसम्बन्धी व्यवस्थाः- :

नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावशेी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा र धार्मिक शिक्षा , कोचिङ तथा टियुसन सेटर सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

७. शिक्षाको माध्यमः-

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अग्रेंजी भाषा वा दबैु भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा तोकिएका अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरूप सिकाइ उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनको लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्न सक्नेछ ।

९. नगर शिक्षा समितिः

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्न कामको लागि देहाय बमोजिमको नगरशिक्षा समिति रहनेछ :-

(क) नगरपालिकाको प्रमुख -अध्यक्ष

(ख) नगरपालिकाले तोकको शिक्षा हर्ने विषयगत समितिको संयोजक -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) नगरपालिकाले तोकेको नगरसभाका सदस्यहरू मध्येबाट कम्तिमा एकजना महिला पर्ने गरी दुई जना -सदस्य

(ङ) विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू / संचालक मध्येबाट सामुदायिक र संस्थागत विद्यालयवाट एक/एक जना पर्ने गरी नगर शिक्षा समितिले मनोनित गरेको दुई जना -सदस्य

(च) समाजसेवी वा शिक्षा विदहरूमध्येबाट नगरशिक्षा समितिले मनोनित गरको कम्तीमा एकजना दलित तथा अल्पसंख्यक सहित दुईजना -सदस्य

(छ) शिक्षण पेशामा उच्च योगदान पुऱ्याएका सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको सामुदायिक र संस्थागत विद्यालयवाट एक/एक जना पर्ने गरी दुई जना -सदस्य

(ज) नगरस्तरका नेपाल शिक्षक महासंघका अध्यक्ष - -सदस्य

(झ) नगरपालिकाका नगर शिक्षा अधिकारी - -सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि नगर शिक्षा समितिले पदमुक्त गर्न सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकावाट बञ्चित गरिने छैन ।

१०. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति प्रदान गर्ने, विद्यालय सार्ने, गाभ्ने कार्यका लागि नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) विद्यालयको लागि आवश्यक साधान श्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयागे गर्ने,

ङ) नगरपालिकामा सुचिकृत भएका लेखा परिक्षकहरु मध्येबाट सामुदायिक विद्यालयहरुको लेखा परीक्षण गराउने ।

ङ) (१) सामुदायिक विद्यालयहरुको लेखा परिक्षकको पारिश्रामिक निर्धारण गर्ने ।

(च) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरूक र सजग वनाउने,

(छ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(ज) विद्यालयहरूको सामाजिक परीक्षण गर्ने गराउने,

(झ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ञ) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने/गराउने,

(ट) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

(ठ) शैक्षिक संस्थासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई आवश्यक प्रोत्साहन, दण्ड, सजायसम्बन्धी कार्य गर्ने गराउने,

(ड) अस्थायी करार शिक्षकहरूको छनौटको लागि विशेष ज्ञहरूको छनाटै गररे सूची पकाशन गर्ने,

(ढ) नगरपालिकाभित्र स्थापना भएका पुस्तकालय, वाचनालय र सिकाइ केन्द्रको संवर्धन, संरक्षण तथा अनुमति प्रदान गर्ने,

(ण) नगर क्षेत्रभित्र अनुमति प्राप्त गरी संचालन भएका शैक्षिक परामर्शकेन्द्र, विभिन्न प्रकारका कोचिङ सेन्टर आदिको

अनुगमन तथा निरीक्षण,नियमन गर्ने । अनुमति माग भएमा तोकिएको पूर्वाधार पुगेका संस्थाहरूलाई अनुमति प्रदान गर्ने,

ण) (१) शिक्षक दरबन्दीको वितरण र मिलान गर्ने ।

(त) तोकिए वमोजिमका अन्य कार्यहरू गर्ने ।

११. नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकारः- नगर कार्यपालिकाको काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१२. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः- प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१३. नगर शिक्षा अधिकारीः- नगर शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

१४. नगर शिक्षा अनुगमन समितिः-

१. विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय वमोजिम शिक्षा अनुगमन समिति गठन हुनेछ ।

(क) नगर शिक्षा अधिकारी - संयोजक

(ख) नगर कार्यपालिकाका सदस्यहरु मध्ये शिक्षा हेर्ने विषयगत समितिको संयोजक -सदस्य

(ग) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा निजले तोकेको प्रतिनिधि एक - सदस्य

(घ) नगर शिक्षा समितिले तोकेको लेखासम्बन्धी ज्ञान भएका कर्मचारी मध्ये एक जना - सदस्य

(ङ) शिक्षा अधिकृत - सदस्य सचिव

(२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः- शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा १ र २ मा जेसुकै लेखिएको भएता पनि शिक्षा शाखाका कर्मचारी, नगर शिक्षा समितिका पदाधिकारी र नगरपालिकाका पदाधिकारीले विद्यालयहरु र शैक्षिक कार्यक्रमको अनुगमन गर्न कुनै बाधा पर्ने छैन ।

१५. सामुदायिक सिकाइ केन्द्रः - नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

१६. अध्यापन अनुमतिपत्रः- विद्यालयमा नियुक्त हुन तोकिए वमोजिमको अध्यापन अनुमतिपत्र लिएका व्यक्ति मात्र शिक्षक पदमा उम्मेदवार हुन योग्य हुनेछन् । तर स्वयम सेवक शिक्षक, अनुदान कोटाका शिक्षक (संघीय अनुदान, प्रदेश अनुदान, न.पा. अनुदान) निजी श्रोतका शिक्षकहरुको पदपुर्तिको क्रममा पहिलो विज्ञापनमा अध्यापन अनुमति पत्र वाला उम्मेदवार नै नभएमा दोश्रो विज्ञापनमा अध्यापन अनुमती पत्र नभएका तर आवश्यक योग्यता पुगेका व्यक्तिलाई पनि उक्त कोटामा छनौट गर्न बाधा पर्नेछैन ।

१७. अनुदानको व्यवस्थाः-

(क) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सुत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनछे ।

(ख) नगरपालिकाले सामुदायिक विद्यालयहरूलाई तोकिए बमोजिम शर्त पूरा गरेमा थप अनुदान उपलब्ध गराउन सक्नेछ।

१८. छात्रवृत्तिको व्यवस्थाः- नगरपालिकाले विद्यालयमा भर्ना हने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

१९. प्रारम्भिक बाल शिक्षासम्बन्धी व्यवस्थाः- प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदानः- नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको आधारमा अनुदान रकम दिन सक्नेछ ।

२१. विद्यालय व्यवस्थापन समितिः-

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र अनुगमन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) अभिभावकहरुले आफूहरूमध्येबाट छानी पठाएको एक जना महिला पर्ने गरी तीन जना -सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको सदस्य एक जना -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरको व्यक्तिहरू मध्येबाट वि.व्य.स.ले मनोनित गरेको एक जना -सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरू मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एकजना -सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) उपदफा १ को खण्ड क बमोजिम अभिभावकहरु मध्येबाट हुने सदस्य पहिलो र दोश्रो भेलाबाट पनि छनौट हुन नसके विद्यालय व्यवस्थापन समिति / विद्यालयको सिफारिसमा नगर शिक्षा समितिले अभिभावकहरु मध्येबाट एक जना महिला पर्ने गरी ३ जना सदस्य छनौट गर्नेछ ।

२ (क) नगर शिक्षा समितिले उपदफा १ को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छनौट गरेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

२ (ख) विद्यालय व्यवस्थापन समितिले अध्यक्ष छनौट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितीमा सो समितिको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

२ (ग) सम्बन्धित शिक्षा अधिकृतलाई वि.व्य.स.को बैठकमा पर्यवेक्षकका रुपमा भाग लिन आमन्त्रण गरीनेछ ।

(३) विद्यालय स्तरीय बालक्लवले मनोनयन गरेको एक जना छात्र र एक जना छात्रा बालक्लवका प्रतिनिधी आमन्त्रित सदस्यको रूपमा रहनेछन् ।

(४) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग नगरस्तरका उद्योग तथा वाणिज्य महासंघका एक जना प्रतिनिधी आमन्त्रित सदस्य रहनेछ ।

(५) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ ।

(६) व्यवस्थापन समिति गठनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा समितिवाट मनोनित भएका एक जना -अध्यक्ष

(ख) विद्यालयको संस्थापक वा लगानीकर्ताहरुले मनोनित गरेका एक जना -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(घ) अभिभावकहरु मध्येबाट एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(छ) विद्यालय निरीक्षक वा निरीक्षकको रुपमा काम गर्न तोकिएको शिक्षा अधिकृत आमन्त्रित सदस्यको रुपमा रहनेछन् । संस्थागत विद्यालयले वि.व्य.स.को बैठकमा शिक्षा अधिकृतलाई आमन्त्रित गर्नुपर्नेछ ।

(८) उपदफा (१), (२) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । मनोनित अध्यक्ष वा सदस्यले आफ्नो पदानुसारको आचरण नगरेको देखिएमा त्यसरी मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्ने छ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(९) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः-

सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजटे स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने, गराउने,

(छ) प्रचलित कानुन बमोजिम सिफारिस/नियुक्ती भएका शिक्षकलाई मात्र काममा लगाउने ।

(ज) नगरपालिकावाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) नगरपालिकाबाट तोकिएका रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा
पेश गर्ने,

(ट) तोकिए बमोजिम विद्यालय सञ्चालन गर्ने र पठनपाठन गर्ने, गराउने,

(ठ) नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ड) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ती वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने ।

ढ) विद्यालयले गरको वार्षिक क्रियाकलापको सामाजिक परीक्षण गराउने ।

(१०) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार, नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने, पाठ्यक्रमलाई सहयोग पुग्ने खालका स्वीकृत सन्दर्भ स्रोत सामग्री प्रयोग गर्ने,

(च) तोकिए बमोजिम विद्यालय सञ्चालन र पठनपाठन गर्ने, गराउने,

(छ) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुनेयोग्यता पूरा गरेका व्यक्तिलाई मात्र शिक्षक पदमा नियुक्ति गर्ने,

(ज) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(झ) आचारसंहिता विपरित कार्य गर्ने शिक्षक/कर्मचारीलाई कारबाही गर्ने,

(ञ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकावाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सवै नियम, नीति तथा निर्दशेनहरूको पालना गर्ने,

(ट) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(११) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२२. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:-

(क) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहित वडा शिक्षा समिति वा शिक्षा अनुगमन समिति मार्फत् नगर शिक्षा समितिमा पेश भएमा नगर शिक्षा समितिले उक्त प्रतिवेदन उपर छानविन गर्नेछ । नगर शिक्षा समितिको छानविनले समेत ताकिएको जिम्मेवारी पुरा गर्न नसकेको निष्कर्ष निकालेमा नगर शिक्षा समितिले नगरपालिका समक्ष उक्त विद्यालय व्यवस्थापन समिति विघटन गर्न सिफारिस गर्नेछ । नगर शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रकृया पुऱ्याई विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(ग) यो ऐन प्रारम्भ भएपछि बढिमा एक महिनाभित्र ऐन वमोजिम विद्यालयले विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नु पर्नेछ । कुनै कारणवस गठन हुन नसक्ने विशेष परिस्थितिमा विद्यालयको अनुरोधमा तोकिएको अधिकारीले एक महिनासम्मको समयावधी थप गर्न सक्नेछ ।

२३. विद्यालयको विधान:

(क) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावशे गरिएको विधान वि.व्य.स.बाट पारित गराई लागू गर्नु पर्नेछ।

(ख) वि.व्य.स.ले विधान आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ तर संस्थागत विद्यालयको हकमा शिक्षा ऐन, कम्पनी ऐन तथा गुठीसँग नबाझिने गरी संचालक, लगानीकर्ताहरुको सभाले विधान संसोधन गर्न सक्नेछ ।

(ग) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति,प्रधानाध्यापक/प्राचार्य लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(घ) अध्यावधिक विधानको प्रमाणित प्रतिलिपि पारित भएको मितिबाट १५ दिनभित्र व्यवस्थापन समितिले नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ङ) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हर्ने पाउनु पर्नेछ ।

२४. वडा शिक्षा समिति:-

(१) वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।

(क) नगरपालिकाका सम्वन्धित वडाका वडा अध्यक्ष एक जना -अध्यक्ष

(ख) वडा समितिका सदस्यहरूमध्ये वडा समितिले तोकेको एक जना महिला -सदस्य

(ग) सामुदायिक र संस्थागत विद्यालयको प्रधानाध्यापक बाट वडा समितिवाट छनौट भएका एक/एक जना गरी दुई जना -सदस्य (

घ) सामुदायिक र संस्थागत विद्यालय दुवैवाट प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष / संचालक मध्ये वडा समितिको बठैकले तोकेको दुई जना -सदस्य

(ङ) वडा सचिव -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए वमोजिम हनेछ ।

२५. नगरपालिका शिक्षा विकास कोषः-

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगरस्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ । (२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) नगरपालिकामा स्थापित शैक्षिक विकास कोषको रकम,

(ङ) सहयोगबाट प्राप्त रकम,

(च ) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(ज) नगर शिक्षा समितिले तोके बमोजिमको आम्दानीको रकम

(३) उपदफा १ बमोजिमको कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम कोषको लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

२६. कोष सञ्चालक समितिः-

(क) .........................

(ख) .........................

२७. विद्यालय कोषः

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा दहोय बमोजिमका स्रोतवाट प्राप्त रकम सो काषेमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) नगरपालिकका शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयागेबाट प्राप्त रकम,

(घ) सहयोग वा दान दातव्यबाट प्राप्त रकम र

(ङ) अन्य स्रातबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

२८. नगरपालिकाले निर्देशन दिन सक्नेः-

(क) नगरपालिकाले विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू दिन सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

२९. नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः-

(१) नगरपालिकाले नगर क्षेत्र भित्र हाल सञ्चालन भइरहको कुनै विद्यालयलाई विद्यार्थी संख्या, सेवा क्षेत्रको जनसंख्याको आधारमा एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न, वा कुनै विद्यालयको कुनै तह हटाउन वा कुनै कक्षाको संचालन अनुमति रद्ध गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति प्रदान गर्न  सक्नेछ।

(२) उपदफा (१) सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. विद्यालयको सम्पत्तिः-

(क) सामुदायिक विद्यालयको हकभोगमा रहको सम्पत्ति सावर्जनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाको सम्पत्ती हुनेछ।

(ख) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शौक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छनै।

(ग) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(घ) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिको अनुमति लिनु पर्नेछ। तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(ङ) नेपाल सरकारको वा नगरपालिकाको स्वीकृतिमा प्राप्त गरको सम्पत्ति नेपाल सरकारको/नगरपालिकाको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन।

३१. विद्यालयलाई छुट र सुविधाः-

(क) प्रचलित कानुनमा जनु सुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(ख) उपदफा (क) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले/नगरपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ।

(ग) सामुदायिक विद्यालमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धी स्तर बृद्धि गर्न र विद्यालय स्रोतबाट तलव, भत्ता खाने गरी नियुक्ति गरिएका शिक्षक/कर्मचारीको पारिश्रमिकको खर्च जुटाउने गरी विद्यालयले आफ्नो स्रोतमा निमार्ण गरको आयआर्जन हुने सम्पत्तिहरु जस्तै, माछापोखरी,सटरहरु आदीको विविध कर र विद्यालयको जग्गा मालपोत (तिरो) दस्तुर छुट हुनेछ। तर यस्ता कार्य गर्दा नगरपालिकाबाट स्वीकृती लिनुपर्नेछ।

(घ) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

३२. अनुमति वा स्वीकृति रद्द गर्नेः-  कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा नगर शिक्षा समितिले तोकिएको प्रक्रिया पूरा गरी त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

३३. विद्यालयको वर्गीकरणः- विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

३४. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्नेः-

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुनेनदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।

३५. शुल्कसम्बन्धी व्यवस्थाः-

(क) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शलु क लिन पाउने छैन ।

(ख) उपदफा (क) मा जनु सुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले दान, उपहार सहयोग सामुदायिक विद्यालयलाई दिन सक्नेछ ।

(ग) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(घ) उपदफा (क) बमोजिम निःशल्क शिक्षा घोषणा गरको विद्यालय बाहेकको अन्य विद्यालयमा अध्ययन गर्ने विद्याथीसँग लिइने शलु क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(ङ) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(च) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(छ) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारण बिधि तोकिए बमोजिम हुनेछ ।

(ज) यस ऐन विपरीत शलुक लिने विद्यालयलाई उक्त शलुक फिर्ता गराई नगर शिक्षा समितिले तोकिए बमोजिम जरिवाना गर्न सक्नेछ ।

३६. शिक्षकको पेशागत महासंघसम्बन्धी व्यवस्थाः

सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न नगर क्षेत्रभित्र तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ ।

३७. शिक्षक तथा कर्मचारीके पदीय आचारणसम्बन्धी व्यवस्थाः

(१) शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले देहायका अवस्थामा पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्न सक्नेछः-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक/मदिराजन्य पदार्थ सेवन गरी आएको प्रमाणित भएमा वा विद्यालयभित्र सूर्तीजन्य पदार्थ सेवन गरेमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारी सदस्य रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीहरूले व्यवसायिक हक हितका नाममा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने पर्याप्त प्रमाण प्राप्त

भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत् पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

३८. स्थायी आवासीय अनुमति लिन नहुनेः- सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति
लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

३९. शैक्षिक योग्यताः- विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

४०. शिक्षक विद्यार्थीको अनुपातः- नगर शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नेछ ।

४१. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः-

(क) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

४२. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :

(क) दफा ३६ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुनेसक्नेछ ।

(ख) उपदफा (क) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

४३. शिक्षकको नियुक्ति र सरूवाः-

(क) विद्यालयमा रिक्त तथा राहत शिक्षक दरवन्दीमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था तोकिए वमोजिम हुनेछ । स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना संघीय शिक्षक सेवा आयोग तथा प्रादेशिक शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

(ख) सरूवा हुन आवेदन दिने नगरपालिका भित्रका दरवन्दीमा कार्यरत् शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको सहमतिमा विषयगत दरवन्दी समेतको आधारमा नगर शिक्षा अधिकारीले सरूवा गर्न सक्नेछ । दरबन्दी मिलानका क्रममा वा विद्यालयको आवश्यकता अनुसार शिक्षक मिलान गर्नुपर्दा सरुवा हुन आवेदन नै नदिएका तथा वि.व्य.स.को सहमति नै नभएका शिक्षकलाई पनि नगर शिक्षा समितिले एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(ग) सरूवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई विद्यालयको व्यवस्थापन समितिको सहमतिमा नगर शिक्षा अधिकारीले अर्को स्थानीय तहमा सरूवा भई जान वा अर्को स्थानीय तहबाट सरुवा भई आउन सहमति दिन सक्नेछ ।

४४. दरवन्दी मिलानः- दरबन्दी मिलानको मापदण्ड बनाइ बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा नगर शिक्षा समितिले दरबन्दी मिलान गर्नेछ । दरबन्दी मिलान सँगै शिक्षक मिलान पनि गर्नु पर्नेछ ।

४५. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः-

(क) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित, जनजाति, जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको अध्यक्ष, विद्यालयको प्रधानाध्यापक, नगर शिक्षा अधिकारी वा निजको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(ग) समितिले छनौटको लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक गरी छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(घ) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

४६. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः- दफा ४१ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधी निजको सेवामा समेत गणना हुने छनै ।

४७. प्रधानाध्यापक तथा कर्मचारीसम्बन्धी व्यवस्थाः

(क) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र नगरपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ।

(ख) उपदफा (क) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः-

(क) सामान्यतया कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(ख) विद्यालयमा अध्ययनरत् बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

४९. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः-

(क) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, बिज्र कोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(ख) उपदफा (क) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५०. प्रगति विवरण बुझाउनु पर्ने :- विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण तोकिएको समय भित्र सहितको प्रगति विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

५१. पुरस्कार तथा दण्ड सजायः-

(क) पुरस्कारः

(१) नगरपालिकाले प्रत्येक वर्ष नगरभित्रका उत्कृष्ट विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारी र समितिलाई सम्मान र पुरस्कार दिन सक्नेछ ।

(२) नगरपालिकाले शिक्षक, कर्मचारीलाई कार्यसम्पादनको आधारमा थप सेवा सुविधा दिन सक्ने छ ।

(ख) दण्ड सजायः

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई प्रमुख प्रशासकिय अधिकृतले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी रू. एकलाख रूपैयाँ जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुन सक्नेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर पव्रेश गर्न प्रयत्न गरेमा वा प्रवशे गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) कानुन विपरीतको अन्य कार्य गरेमा,

(३) उपदफा ख को (१), (२) बमोजीमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

(४) उपदफा ख को (१) र (२) मा लेखीए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम उल्लघंन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिमको सजाय गर्न सक्नेछ ।

क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने ।

ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्काशन गर्ने ।

ग) कसुरको मात्रा हेरी एक हजार रुपैया देखि पचिस हजार रुपैया सम्म जरीवाना गर्ने ।

घ) विद्यालयलाई सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने ।

ङ) विद्यालयलाई प्रदान गरिएको अनुमती वा स्वीकृति रद्द गर्ने ।

५२. मुद्धा हेर्न अधिकारीः- दफा ५१ को ख (१) र (२) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दामा प्रमुख प्रशासकीय अधिकृतले कारवाही र किनारा गर्नेछ ।

५३. पुनरावेदनः- (१) प्रमुख प्रशासकीय अधिकृतले गरेको सजायको आदेश उपर ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।
(२) दफा ५१ को ख (४) बमोजिम तोकिएको अधिकारीले गरेको सजाय उपर तोकिएको अधिकारी समक्ष ३५ दिन भित्र पुनरावेदन लाग्नेछ ।
५४. नियम बनाउने अधिकारः-

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(ख) यस ऐनको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

५५. संक्रमणकालीन व्यवस्थाः-

(क) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगरकार्यपालिकाले गर्न सक्नेछ।

(ख) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा करार शिक्षकको विज्ञापनको अनुमति नगर शिक्षा अधिकारीले दिन सक्नेछ । विभिन्न विद्यालयमा रिक्त रहेका दरबन्दीको पदपूर्तिका लागि नगरपालिकाबाट नै विज्ञापन गरी पदपूर्ति गर्न समेत सकिनेछ ।

(ग) आधारभूत तह (कक्षा १ -५) सम्म संचालित विद्यालयमा वि.व्य.स.को गठन हुन नसकेको अवस्थामा सो विद्यालयको प्र.अ. र रामग्राम नगरपालिकाको लेखा अधिकृतको नाममा संयुक्त बैंक खाता संचालन गरी उक्त विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुको तलब भत्ता व्यवस्थापन गर्न सकिनेछ ।

५६. बाधा अडकाउ फुकाउने अधिकारः (क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन स्थानीय राजपत्रमा सुचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ

५७. बचाउँ र लागू नहुनेः

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(ख) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(ग) संविधानसँग बाँझिएको यस ऐनका दफा तथा उपदफाहरू वाँझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

(घ) साझा अधिकारका सम्वन्धमा संघीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐनले व्यवस्था गरे अनुसार हुनेछ ।

(ङ) यस अघि कानुन वमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छनै । तर यो व्यवस्थाले कानुन वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

च) रामग्राम नगर शिक्षा ऐन २०७५ बमोजिम भए गरेका कार्यलाई यसै शंशोधन बमोजिम भए गरेको मानिने छ ।

प्रमाणीकरण मितिः २०८०/३/२१

आज्ञाले<br>
मान बहादुर खड्का<br>
प्रमुख प्रशासकीय अधिकृत